नेपालको पहिलो बैंक | नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

प्रधान कार्यालय
मानवश्रोत व्यवस्थापन विभाग

## सुरक्षा सुपरभाइजर (बरिष्ठ सहायक सरह) पद करार सेवामा भर्ना गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०७६/११/२२)

यस बैंकमा रिक्त रहेको सुरक्षा सुपरभाइजर (बरिष्ठ सहायक सरह) पदमा खुला प्रतियोगिताद्वारा करार सेवामा भर्ना गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ । दरखास्त फारमका साथ नागरिकता र दरखास्त दिने पदको लागि तोकिएको योग्यताहरुको प्रमाणपत्र, हालसालै खिचेको पासपार्ट साइजको ३ प्रति फोटो र तोकिएको शुल्क तिरी मिति २०७६/१२/१२ गते सम्म दरखास्त पेश गर्नुपर्नेछ । म्याद भित्र दाखिला नभएको र रीत नपुगी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही हुनेछैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम पेश गरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ ।

| क्र.सं. | विज्ञापन नम्वर | तह/पद | कार्यालय | रिक्त पद संख्या |
|---|---|---|---|---|
| १ | २०७६/७७/३५ | सुरक्षा सुपरभाइजर (बरिष्ठ सहायक सरह) | प्रधान कार्यालय, काठमाडौं | २ |
| २ | २०७६/७७/३६ | | प्रदेश नं. २ प्रादेशिक कार्यालय, विरगञ्ज | १ |
| ३ | २०७६/७७/३७ | | गण्डकी प्रदेश प्रादेशिक कार्यालय, पोखरा | १ |
| ४ | २०७६/७७/३८ | | प्रदेश नं. ५ प्रादेशिक कार्यालय, बुटवल | १ |
| ५ | २०७६/७७/३९ | | कर्णाली प्रदेश प्रादेशिक कार्यालय, सुर्खेत | १ |
| ६ | २०७६/७७/४० | | सुदुरपश्चिम प्रदेश प्रादेशिक कार्यालय, धनगढी | १ |

**(१) <u>आवश्यक योग्यताः</u>**

क) सेनाको सुवेदार/प्रमुख सुवेदार, मानार्थ उप-सेनानी वा सो सरह ।
ख) निवृत्तभरणमा अवकास पाएको ।
ग) सेवाबाट अवकास भएको ५ बर्ष ननाघेको ।
घ) सेवामा छँदा कुनै अभियोग नलागेको ।
ङ) उमेर ५३ वर्ष ननाघेको ।
च) माथि दफा (क) मा उल्लेखित योग्यता पुगेका एवं यस बैंकमा प्रमुख सुरक्षक पदमा कार्यरत सुरक्षकहरुले पनि यस विज्ञापनमा आवेदन दिन पाउनेछन् । साथै, उक्त योग्यता पुगेका प्रमुख सुरक्षकहरूलाई माथि उल्लेखित दफा (ग) र (ङ) लागु हुनेछैन ।

(२) सेवाको किसिम : करार (२ बर्ष)
(३) तलव तथा अन्य सुविधा : करार सम्झौतामा उल्लेख गरिनेछ ।
(४) उम्मेदवारको छनौट विधि : लिखित परीक्षा र अन्तर्वार्ता ।
(५) लिखित परीक्षा कार्यक्रम : पछि प्रकाशित गरिनेछ ।
(६) परीक्षा शुल्क : रु. ६००/- (छ सय) ।
(रीत नपुगी अस्वीकृत भएका आवेदनहरुको शुल्क फिर्ता हुनेछैन ।)

(७) परीक्षा शुल्क बुझाउने विधि : तोकिए बमोजिमको परीक्षा शुल्क नेपाल बैंक लिमिटेडको परीक्षा हिसाव नं. ००२००१००५२२५५९००००००१ मा जम्मा गर्नुपर्नेछ र सो को सक्कल भौचर दरखास्तका साथ पेश गर्नुपर्नेछ ।

(८) दरखास्त बुझाउने स्थान : नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, मानवश्रोत व्यवस्थापन विभाग ।

(९) दरखास्त फारम र परीक्षाको पाठ्यक्रम यस बैंकको Website: http://www.nepalbank.com.np/post/about-us/careers बाट Download गर्न सकिनेछ ।